# विषय सूची


| क्र.सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १ | वर्तमान कार्य समिति र लेखापरीक्षकको नामावली | |
| २ | अध्यक्षको कलमबाट | |
| ३ | ३३ औं साधारण सभाका कार्यक्रमहरू | |
| ४ | आ.व. २०७४/०७५ को प्रगति प्रतिवेदन | |
| ५ | आ.व. २०७५/०७६ का लागि प्रस्तावित नीति तथा कार्यक्रमहरू | |
| ६ | आ.व. २०७४/०७५ को आर्थिक प्रगति प्रतिवेदन र २०७५/०७६ को प्रस्तावित आर्थिक कार्यक्रम | |
| ७ | आ.व. २०७४/०७५ को  लेखापरीक्षण प्रतिवेदन | |
| ८ | हाल कार्यरत कर्मचारीहरूको विवरण | |
| ९ | सदस्यहरू र उहाँहरुको योगदानको विवरण | |

## कार्यसमिति

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १ | अध्यक्ष | श्री हरिलाल सापकोटा |
| २ | नि. अध्यक्ष | श्री खेमराज सापकोटा |
| ३ | उपाध्यक्ष | श्री लक्ष्मी गौतम |
| ४ | सचिव | श्री कृष्णप्रसाद सापकोटा |
| ५ | कोषाध्यक्ष | श्री पार्वती कडेल |
| ६ | सह-सचिव | श्री भूमिराज चापागाई |
| ७ | सदस्य | श्री माधबप्रसाद पौडेल |
| ८ | सदस्य | श्री रेखा श्रेष्ठ |
| ९ | सदस्य | श्री गोपिनाथ खरेल |
| १० | सदस्य | श्री सिता रिजाल |
| ११ | सदस्य | श्री दीपनारायण सापकोटा |
| १२ | सदस्य | श्री खड्ग जंग गुरुङ्ग |
| १३ | सदस्य | श्री सजना नेपाली |

## लेखापरीक्षक

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १ | आन्तरिक लेखापरीक्षक | श्री पि.एण्ड.एसोसिएट्स |
| २ | बाह्य लेखापरीक्षक | के.वि. चित्रकार एण्ड कम्पनी |

# अध्यक्षको कलमबाट............

विजय युवा क्लबको नामबाट २०३६ सालमा स्थापित भएर समुदायमा जनचेतना, स्वास्थ्य, सरसफाई र खेलकुदको कार्यक्रमबाट आफ्ना पाईला अगाडि बढाएको संस्थाले अहिले राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा आफ्नो छवी निर्माण गर्न सफल भएको छ । देशका बिभिन्न भागमा पुगेर आफ्नो अबधारणा अनुसार कार्यक्रम बिस्तार गर्दै स्थानीय सहयोगी संस्थाहरू प्रबर्धन गरी आफै काम गर्न प्रेरित गर्ने गरेको छ । स्थानिय स्तरमा फरक प्रकृतीको सहकारी संस्थाहरू प्रबर्धन गरी उनीहरू मार्फत आर्थिक कारोबार, सुचना संचार, शिक्षा, लघु बित्त क्षेत्रमा सघन रूपमा कामगर्दै आएको छ ।

देश संघिय संरचनामा प्रबेश गरिसकेको बर्तमान परिबेशमा गैर सरकारी संस्था तथा नागरीक समाजको भुमिका अझै बढि महत्वपुर्ण हुनेगर्दछ । शुसासनको अभाब रहेको हाम्रो जस्तो विकासोन्मुख देशमा शासकहरूले नागरीक समाज तथा गैर सरकारी संस्थाहरूको भुमिकालाई खुम्च्याउने प्रयास गर्ने गर्दछन् । त्यसैले गैससहरूलाई संगठित गरी अनुकुल वातावरण श्रृजना गर्ने, अनुकुल निति निमार्ण गर्न स्थानीय स्तर, प्रदेश स्तर र राष्ट्रिय स्तरमा झक्झकाउने, दबाब वकालत गर्ने जस्ता भुमिका अबका दिनमा संस्थाले गर्नु पर्दछ । देश विकासको लागि सरकारी क्षेत्र,गैर सरकारी क्षेत्र र निजी क्षेत्रको आआफ्नै महत्व, भूमिका र जिम्मेबारी रहने गर्दछ । कुनै एक क्षेत्रको मात्र कमीले पनि देशको विकास संभब छैन । नेपालका संभावित विकासका क्षेत्रहरू कृषि, पर्यटन र जल बिद्युत्लाई केन्द्रित गरी जनचेतना, स्वास्थ्य, सरसफाई, पोषण, शुसासन, शिक्षा, उद्यमशिलता, भौतिक पुर्बाधार, पर्यावरण जस्ता क्षेत्रलाई हामी सबैले आत्मसाथ गरी अगाडि बढाउन सक्नु पर्दछ ।

विकू बचत, विजय एफ.एम., विजय खबर पत्रिका, विजय सामुदायिक शिक्षा सदन, विजय लघु वित्त वित्तीय संस्थाहरूले राष्ट्र तथा समुदायमा पुर्‍याएको महत्वपुर्ण योगदानको लागि विजय विकास स्रोत केन्दको तर्फबाट हार्दिक धन्यबाद ब्यक्त गर्दछु । यसरी नै स्थापना भएर बामे सर्दै गरेका विजय फाउण्डेशन, विजय कन्सल्टीङ्ग कम्पनी, विजयश्री उपभोक्ता सहकारी सबैलाई हामी सबैको साथ सहयोगको अपेक्षा सहित उत्तरोत्तर प्रगती र सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु । यसरी नै विजय परिवारलाई विस्तार गरी नयां नयां क्षेत्रमा समेत काम गर्नु पर्ने अहिलेको आबश्यकता देखिएकोछ । यसै क्रममा गैंडाकोटलाई विचारको केन्द्र (Idea Hub) को रूपमा विकसित गर्न जरुरी छ ।

विजय विकास सोत केन्दलाई ३६ साल देखि अहिले यो अबस्था सम्म आई पुग्न सहयोग सद्भाब प्रदान गर्नु हुने सम्पुर्ण राष्ट्रिय,अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरू, दातृ निकायहरू, सरकारी कार्यालयहरू, बिशेष गरी गैडाकोट नगरपालिका साथै नवलपुर क्षेत्रका सम्पूर्ण नगरपालिका, गाउँपालिकाहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यसरी नै संस्थाका कार्यकारी निर्देशक लगायत सम्पूर्ण कर्मचारीहरू, सदस्य ज्युहरू सहयोग र सद्भावको लागि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यस्तै विजयको रथ हाक्ने विजय परिवारका सम्पूर्ण सञ्चालक समितिका पदाधिकारीहरू, कर्मचारीहरू र शेयर सदस्य साथीहरू सबैमा २०७५ सालको विजय दशमी, शुभ दीपावलीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहान्छु ।

हरिलाल सापकोटा
अध्यक्ष

# विजय विकास स्रोत केन्द्र

**गैंडाकोट-८, नवलपरासी**

**४ कार्तिक, २०७५**

## ३३ औं साधारण सभाका कार्यक्रमहरू

१. उपस्थिति तथा नाम दर्ता

२. कार्यक्रम समुद्घाटन

३. आ.व. २०७४/७५ को वार्षिक प्रगति प्रतिवेन प्रस्तुत, छलफल तथा पारित

४. आ.व. २०७४/७५ को वार्षिक आर्थिक प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित

५. आ.व. २०७५/७६ को वार्षिक नीति तथा कार्य क्रम प्रस्तुत, छलफल तथा पारित

६. आ.व. २०७५/७६ को वार्षिक बजेट प्रस्तुत, छलफल तथा पारित

७. लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा

८. निर्णय प्रमाणित गर्नका लागि प्रतिनिधि चयन

९. विविध

१०. मन्तव्य तथा पुरस्कार वितरण

११. धन्यवाद मन्तव्य सहित साधारण सभा समापन

# आर्थिक वर्ष २०७४/७५ को प्रगति प्रतिवेदन

**- कृष्णप्रसाद सापकोटा**
सचिव

विजय विकास श्रोत केन्द्रको गरिमामय ३३औं साधारण सभाका अध्यक्षज्यू, भूपू अध्यक्षज्यूहरू, उत्प्रेरक व्यक्तित्व, श्रद्देय सदस्यज्यूहरू, आजीवन सदस्यज्यूहरू, साधारण सदस्यज्यूहरू, वर्तमान कार्य समितिका पदाधिकारी तथा सदस्यज्यूहरू एवम् सम्पूर्ण कर्मचारी मित्रहरू,

संस्थागत विकास, व्यावसायिक दक्षता अभिवृद्धि र नयाँ बिषयगत तथा भौगोलिक कार्यक्षेत्र विस्तारका ज्ञान, अनुभव र सिकाईहरूको व्यवस्थापन गर्दै विजय विकास श्रोत केन्द्र ३९औं वर्षमा प्रवेश गरेको छ । आजका दिनसम्म आइपुग्दा संस्थाले संस्थागत विकास, समूदायको सामाजिक-आर्थिक रूपान्तरण, स्थानीय श्रोत पहिचान र परिचालन र क्षमता अभिवृ द्धिका विभिन्न आयामहरूमा परिपक्व अभ्यास गर्दै आएको छ र आगामी बर्षहरूमा यसको सञ्चालनलाई अझ परिस्कृत र सुदृढ बनाउँदै जानुपर्ने आवश्यकता छ । आन्तरिक श्रोत परिचालनलाई विशेष ध्यान दिई संस्थाको अगाडि आएका अन्य अवसरहरूलाई पनि सदुपयोग गर्दै दिगो र समुन्नत विकासको यात्रा तय गर्नु अबको प्राथमिकता हुनेछ जसकालागि क्षेत्रगत रणनीति र प्राथमिकता सहितको दीर्घकालीन रणनीतिक योजना तयार भै कार्यान्वयनको चरणमा रहेको छ । मुख्यगरी गत वर्ष संस्थाले परियोजना व्यवस्थापन र सञ्चालन, संस्थागत नीतिहरूको संशोधन र नयाँ नीति-निर्माण, मानवसंशाधन व्यवस्थापन, रणनीतिक योजना तर्जुमा, आन्तरिक सुधार र सम्पर्क समन्वय विस्तारका कामहरूमा नै आफ्ना प्रयासहरू अगाडि बढाएको छ, जसको कार्य प्रगतिको बारेमा तल विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

गत साधारण सभाको कार्यादेश अनुसार संस्थाले वर्ष भरी सम्पादन गरेका गतिविधिहरूलाई समेटेर तयार पारेको प्रगति प्रतिवेदन आजको साधारण सभामा सम्प्रेषण गर्न पाउँदा समग्र कार्य समिति र टिमको तर्फ बाट प्रसन्नता व्यक्त गर्न चाहन्छु । यो घडीमा संस्थालाई आजको अवस्थामा ल्याई पुऱ्याउन महत्वपूर्ण योगदान दिनुहुने संस्थापक सदस्यहरू, प्रेरणादायी व्यक्तित्वहरू, भूतपूर्व अध्यक्ष तथा कार्य समिति, सदस्यहरू, सहयोगी संघसंस्थाहरू, साझेदार संस्थाहरू, विजय परिवारका सदस्य संस्थाहरू र कर्मचारी साथीहरूलाई कदर गर्दछु ।

गत वर्ष २०७४।०६।२१ देखि २०७।०७।०४ सम्म संस्थाले सञ्चालन गरेका विभिन्न गतिविधि तथा कार्यक्रमहरू यसप्रकार रहेका छन् ।

## २०७४/०७५ (प्रगति समिक्षा)

| क.सं | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयनको प्रगति | | | कैफियत |
|---|---|---|---|---|---|
| | | पूर्ण | आंशिक | नभएको | |
| **क) नियमित कार्यक्रम/क्रियाकलापहरू** | | | | | |
| १ | कार्यसमितिको बैठक कम्तिमा १० वटा गर्ने । | ✓ | | | |
| २ | कर्मचारी र कार्यसमिति बीच १ वटा अन्तरक्रिया तथा समिक्षा बैठक गर्ने । | ✓ | | | |
| ३ | साधारणसभा एवम् बार्षिकोत्सवका कार्यक्रमहरू सञ्चालन गर्ने । | ✓ | | | |
| ४ | वर्षका उत्कृष्ट कर्मचारी १ जना, उत्कृष्ट सदस्य १ जना र कार्यसमितिबाट विशेष योगदान पुऱ्याउने १ जना गरी जम्मा ३ जनालाई पुरस्कृत गर्ने । | ✓ | | | |
| ५ | कार्यसमिति र सल्लाहकार समितिको संयुक्त बैठक कम्तिमा २ पटक बस्ने । | | | ✓ | |
| ६ | सदस्यहरूबाट आवश्यक सुझाब सल्लाह एवम् प्रतिक्रिया लिने उद्देश्यले २ पटक | | ✓ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अन्तरक्रिया गर्ने । | | | | |
| ७ | कम्तिमा ४ पटक विजय परिवारसँग बैठकको आयोजना गरी संस्थागत विकासका रणनीतिहरू तयार गर्ने । | ✓ | | | |
| **ख) विशेष कार्यक्रम** | | | | | |
| १ | कार्यसमिति, सदस्य तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न तालिम, अवलोकन भ्रमणको आयोजना गर्ने । | | ✓ | | |
| २ | समय र परिस्थितिको उपजमा आधाररित कार्यक्रम गर्ने (वार्षिक कार्यक्रममा नभएको तर सम्पन्न भएको) | ✓ | | | फोहरमैला व्यवस्थापन, लागू औषध दुर्व्यसन तथा ट्राफिक सचेतना कार्यक्रम सम्पन्न |
| ३ | संस्थाद्वारा प्रवर्द्धन गरिएका संस्थाहरूमा आवश्यकता र क्षमता अनुसार थप शेयर लगानी गर्ने । | ✓ | | | |
| ४ | विजय परिवार (Vijaya Group of Institutions) का कार्यक्रमहरूलाई निरन्तरता दिदै आपसी समन्वयद्वारा बढी प्रतिफल प्राप्त गर्ने र सम्बन्ध बलियो पार्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने । | ✓ | | | पहिलो पटक विकूसँग समझदारी पत्रमा हस्ताक्षर गरी कार्यक्रम गरिएको |
| ५ | Vijaya Foundation को अवधारणालाई संस्थागतरूप दिने प्राविधिक तथा प्रशासनिक सहयोग उपलब्ध गराउने । | ✓ | | | |

# क्षेत्रगत प्रगति

| **क्षेत्र -१ सुशासन** | | | | | |
|---|---|---|---|---|---|
| **रणनीतिक उद्देश्य** | **सामाजिक जवाफदेहिता तथा बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा योगदान पुऱ्याउने** | | | | |
| **कार्यक्रमका क्षेत्रहरू** | **प्रमुख क्रियाकलाप** | **कार्यान्वयनको प्रगति** | | | **कैफियत** |
| | | **पूर्ण** | **आंशिक** | **नभएको** | |
| **१. सामाजिक जवाफदेहिता** | क) सामाजिक जवाफदेहिताका साधन तथा संयन्त्रको प्रवर्द्धनका क्षेत्रमा संस्थाले विगतमा आर्जन गरेको अनुभवमा आधारित भई दातृ निकाय तथा स्थानीय सरकारसँगको साझेदारीमा परियोजना निर्माण गरी सञ्चालन गर्ने । | | ✓ | | विभिन्न परियोजना प्रस्ताव निर्माण एवं पेश |
| | ख) आन्तरिक सञ्चालन संरचनामा सुधार (संस्थाको सामाजिक लेखापरीक्षण, आन्तरिक लेखापरीक्षण, मौजुदा विधान र नीतिहरूको आवश्यकता अनुसार पुनरावलोकन र संशोधन | | ✓ | | नीतिहरू पुनरावलोकन र संशोधन, स्वयंसेवक व्यवस्थापन नीति निर्माण तथा आन्तरिक लेखापरीक्षण सम्पन्न |
| **२. बालमैत्री** | क) बालमैत्री स्थानीय शासनको | | ✓ | | स्थानीय सरकार सँग |

| | | | | | |
|---|---|---|---|---|---|
| **स्थानीय शासन** | अवधारणा, विधि र अभ्यास लगायतका विषयमा स्थानीय सरकार (गाउँपालिका र नगरपालिका) को क्षमता अभिवृद्धि ( तालिम, कार्यशाला, दस्तावेजीकरण, सहकार्य, प्रकृयागत सहजीकरण आदि) का क्षेत्रमा परियोजनात्मक कार्यक्रम सञ्चालन गर्ने, यसका लागि नवलपुर जिल्लाका चार नगरपालिकाका जनप्रतिनिधि, सम्बन्धित कर्मचारीहरू तथा युनिसेफका प्रतिनिधिको सहभागितामा एक दिने अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने । | | | | सम्पर्क र सम्बन्ध विस्तार |
| | ख) अनुसन्धान, सिकाई विस्तार तथा सम्प्रेशणका क्षेत्रमा परियोजनात्मक कार्यक्रम सञ्चालन गर्ने । | | | ✓ | |

| **क्षेत्र -२ वकालत, अभियान र पैरवी** | | | | | |
|---|---|---|---|---|---|
| **रणनीतिक उद्देश्य** | **राष्ट्रिय रूपमा सामाजिक विकास संस्था मैत्री नीति निर्माणमा योगदान पुऱ्याउने** | | | | |
| **कार्यक्रमका क्षेत्रहरू** | **प्रमुख क्रियाकलाप** | **कार्यान्वयन प्रगति** | | | **कैफियत** |
| | | **पूर्ण** | **आंशिक** | **नभएको** | |
| **१. सामाजिक विकास संस्था मैत्री नीति तथा वातावरण** | यस विषयमा राष्ट्रिय/जिल्लास्तरको एउटा कार्यशाला/ छलफल कार्यक्रम आयोजना गर्ने । | | | ✓ | |
| **२. आवश्यकता अनुसार सामाजिक अभियान** | गैंडाकोट नगरपालिकाले सञ्चालन गर्ने सामाजिक अभियानहरूमा सहभागिता जनाउने तथा संस्थागत सहयोग गर्ने । | | ✓ | | बालमैत्री स्थानीय शासन तालिममा सहभागिता |
| | कुनै एउटा वार्डमा गरिबी मुक्त गैंडाकोट अभियानलाई  सुरु गर्ने । | | ✓ | | ५ नं वार्डमा अभियान सुरु/सम्पर्क, स्थलगत अध्ययन, सर्भे प्रश्नावली निर्माण |

| **क्षेत्र -३ बालबालिका, युवा तथा महिला सहभागिता** | | | | | |
|---|---|---|---|---|---|
| **रणनीतिक उद्देश्य** | **मानवीय तथा सामाजिक पूँजी विकासमा योगदान पुऱ्याउने** | | | | |
| **कार्यक्रमका क्षेत्रहरू** | **प्रमुख क्रियाकलापहरू** | **कार्यान्वयन प्रगति** | | | **कैफियत** |
| | | **पूर्ण** | **आंशिक** | **नभएको** | |

| | | | | | |
|---|---|---|---|---|---|
| **१. नागरिक शिक्षा** | विजय सूचना तथा सञ्चार सहकारीसँगको साझेदारीमा घटना दर्ता/पञ्जिकरण (Vital Registration) का विषयमा सार्वजनिक हितका सूचना (Radio PSAs/Print advertorials) निर्माण गर्ने र प्रशारण गर्ने । | ✓ | | | घटना दर्ता/पञ्जिकरण तथा अन्य विषयमा सार्वजनिक हितका सूचनाहरू प्रशारण |
| **२. पोषण** | सु-आहारा-II कार्यक्रम अन्तर्गत ४० जिल्लामा घरायसी खाद्यान्न उत्पादन तथा बजारीकरणलाई निरन्तरता दिई यस कार्यानुभवका आधारमा अन्य परियोजनाका लागि पहल गर्ने । | ✓ | | | सु-आहारा-II कार्यक्रम निरन्तर सञ्चालन |
| **३. क्षमता अभिवृद्धि** | स्थानीय महिला समूहहरूको आवश्यकतामा आधारित प्रकृया सहजीकरणसँग सम्बन्धित कार्यक्रम गर्ने । (स्थानीय स्तरमा सकृय कम्तिमा तीनवटा महिला समूहको संस्थागत क्षमता विकासमा सहयोग पुऱ्याउने) महिलाका लागि महिला सहयोग अवधारणा अनुसार यो कार्यक्रम गरिनेछ । | ✓ | | | गैंडाकोट न.पा. भित्रका महिला समूह व्यवस्थापनका लागि २ दिने क्षमता अभिवृद्धि तालिम सञ्चालन कावासोती न.पा. का महिला जनप्रतिनिधिलाई २ दिने क्षमता अभिवृद्धि तालिम सञ्चालन |
| **४.युवा सहभागिता** | विजय सामुदायिक शिक्षा सदनसँगको साझेदारीमा सो विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरी Art of Living/Life Science (जीवन विज्ञान) विषयक प्रवचन कार्यक्रम राख्ने । पछिल्लो समय युवायुवतीको विभिन्न कुलत तथा नकारात्मक कार्यप्रति आकर्षण बढेको पाइएकोले उनीहरूमा सकारात्मक सोच तथा कर्मका लागि यस विषयका विज्ञलाई ल्याएर प्रवचन कार्यक्रम गर्ने । | ✓ | | | लागु पदार्थ तथा traffic नियम सचेतना कार्यक्रम<br><br>जीवन विज्ञानको सहयोगमा समृद्ध जीवन कार्यक्रम |
| **५. जेष्ठ नागरिक** | संस्थाको श्रीवृद्धिमा विशेष योगदान पुऱ्याउनु भएका जेष्ठ सदस्यहरू मध्ये जेष्ठताको आधारमा एकजनालाई प्रत्येक दुई/दुई वर्षमा विशेष समारोहका बीच विशिष्ट दीर्घसेवा सम्मान (Life-time Contributions Award) प्रदान गर्ने । यो कार्यक्रम यसै वर्षबाट आरम्भ गरिनेछ । | ✓ | | | ३२औं साधारण सभामा श्री तिलक प्रसाद सापकोटा सम्मानित |

| क्षेत्र -४ सुधारोन्मुख जीविकोपार्जन | | | | | |
|---|---|---|---|---|---|
| **रणनीतिक उद्देश्य** | **स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जनामा योगदान गर्नु** | | | | |
| **कार्यक्रमका क्षेत्रहरू** | **प्रमुख क्रियाकलाप** | **कार्यान्वयन प्रगति** | | | **कैफियत** |
| | | **पूर्ण** | **आंशिक** | **नभएको** | |
| **१.कृषि** | सुआहारा-II कार्यक्रम अन्तर्गत ग्रामिण नमुना कृषकहरूलाई कृषि प्रविधि तथा प्रकृयागत सहजीकरण गरी आधुनिकीकरणमा टेवा पुऱ्याउने कार्यलाई निरन्तरता दिने । | ✓ | | | सुआहारा-II कार्यक्रम निरन्तर सञ्चालन |
| **२.दिगो संस्थागत विकासका आयामहरू** (Hexagon Theory) | क) आवश्यकता अनुसार संस्थाको भौतिक पूर्वाधार निर्माण गर्ने तथा अध्यावधिक गर्ने (संस्थाको प्रशासनिक भवनमाथि निर्माणाधीन तल्ला निर्माण कार्य पुरा गर्ने) | | ✓ | | भवन निर्माण Layout तयार भई निर्माण कार्य शुरु<br>मौजुदा भवनमा रंगरोगन र मर्मत संभार सम्पन्न |
| | ख) ग्रामीण, अर्ध-शहरी तथा शहरी क्षेत्रमा वित्तीय पहुँच अभिवृद्धि गर्ने । ( विकू बचत तथा ऋण सहकारी संस्था र विजय लघु वित्त वित्तीय संस्थाले यसका लागि टेवा पुऱ्याईरहेका छन्) यी दुवै संस्थासँग प्रत्येक ६/६ महिनामा संयुक्त बैठक बसी योगदानका क्षेत्र तथा कामहरूको समीक्षा गर्ने । | | ✓ | | |
| | ग) परम्परागत स्थानीय सांस्कृतिक अभ्यासको प्रवर्द्धन र सवलीकरणका लागि संस्थाका सार्वजनिक कार्यक्रमहरूमा सो समुदायका सांस्कृतिक झाँकी तथा अन्य प्रस्तुतीका लागि स्थान दिने र विशेष सांस्कृतिक कार्यक्रममा सक्दो आर्थिक तथा अन्य सहयोग गर्ने । | | ✓ | | थारु संस्कृति प्रवर्द्धन र नेवा पुचः का लागि आर्थिक सहयोग |

| क्षेत्र -५ स्रोत केन्द्र (तालिम, अध्ययन/अनुसन्धान र प्रकाशन) | | | | | |
|---|---|---|---|---|---|
| **रणनीतिक उद्देश्य** | **संस्थागत ज्ञान व्यवस्थापन क्षमता बढाउनु** | | | | |
| **कार्यक्रमका क्षेत्रहरू** | **प्रमुख क्रियाकलाप** | **कार्यान्वयन प्रगति** | | | **कैफियत** |
| | | **पूर्ण** | **आंशिक** | **नभएको** | |
| **१. तालिम सञ्चालन र व्यवस्थापन** | तालिम पाठ्यक्रम विकास र सञ्चालन (विकूसँग सहकार्यमा सहकारी व्यवस्थापन र विकास तालिम र विजय लघुवित्तसँगको सहकार्यमा लघुवित्तसँग सम्बन्धित एउटा प्याकेज र अर्को नेतृत्व विकासमा महिला सहभागिता तालिम प्याकेज तयार गर्ने र सञ्चालन गर्ने) | | ✓ | | तालिम पाठ्यक्रम विकास प्रक्रियामा रहेको |
| **२. स्रोत तथा सिकाई केन्द्र** | क) गत वर्ष चेतना सदन सुधारको लागि विभिन्न छलफलमा आधारित भै निर्माण गरिएको योजना चरणवद्ध रूपमा लागु गर्ने र निर्माणाधिन सुविधायुक्त भवनलाई चेतना सदनको निरन्तर कामसँग जोड्ने । | ✓ | | | योजना लागु गरिएको |
| | ख) चेतना सदनलाई स्थानीय सरकार र संघियता तथा बालमैत्री स्थानीय शासनको स्रोत केन्द्रको रूपमा विकास गर्ने (नीति संवाद, तालिम, अभिमुखीकरण, कार्यशाला, छलफल/बैठक र अध्ययन/अनुसन्धान लगायतका काममा प्रयोग हुने वातावरण तयार गर्ने) सोही अनुसारको पुर्वाधार तयार गर्ने र बजारीकरण गर्ने । चेतना सदनको व्यावसायिक प्रयोगका लागि अन्य सम्भावना खुल्ला राख्ने । | | ✓ | | विजय कन्सल्टिङ्ग सँगको सहकार्य शुरु |
| **३. योजना, अनुगमन तथा मूल्यांकन र अध्ययन/अनुसन्धान** | क) योजना, अनुगमन तथा मूल्यांकन पद्दति सुधार गर्ने । | | ✓ | | सुधारको क्रम जारी |
| | ख) संस्थाको कार्यक्षेत्रसँग मिल्ने विषयमा विजय कन्सल्टिङ्ग कम्पनीसँगको सहकार्यमा आवश्यकता अनुसार कार्यमूलक अनुसन्धान गर्ने । | | | ✓ | |
| **४. दस्तावेजीकरण, प्रकाशन र** | क) आवधिक संस्थागत प्रकाशनहरू ( ब्रोसर, संस्थागत चिनारी पुस्तिका तथा विवरण, विजय ध्वनी, बार्षिक | ✓ | | | बार्षिक प्रतिवेदन ०७३/७४, बार्षिक प्रगति प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| **प्रवाह** | प्रतिवेदन तथा परियोजनात्मक प्रतिवेदनहरू) गर्ने । | | | | २०१७, गोजी पात्रो ०७५, विजय ध्वनी तथा परियोजनात्मक प्रतिवेदनहरू प्रकाशन |
| | ख) Website अध्यावधिक गर्ने र धेरै सामग्री राख्ने । | ✓ | | | अध्यावधिक जारी, Intranet |
| | ग) सूचना व्यवस्थापन र स्वस्फूर्त खुलासाका लागि वरिष्ठ कर्मचारीमध्येबाट एकजना सूचना अधिकारी तोक्ने र आवश्यक कार्यविधि निर्माण गर्ने । | ✓ | | | सूचना अधिकारी तोकिएको र सूचना व्यवस्थापन कार्यविधि निर्माण गरिएको |

गत आ.व. मा प्रस्तावित विविध कार्यक्रमहरूको कार्यान्वयन प्रगति समग्रमा सन्तोषजनक रह्यो । कूल ३६ वटा प्रस्तावित कार्यक्रमहरू मध्ये १९ वटा (५३%) पूर्ण, १३ वटा (३६%) आंशिक रूपमा कार्यान्वयन भएका र वाँकी ४ वटा (११%) सम्पन्न हुन नसकेका छन् ।

| प्रस्तावित कार्यक्रम | कार्यान्वयनको प्रगति | | | जम्मा |
|---|---|---|---|---|
| | पूर्ण | आंशिक | नभएको | |
| नियमित कार्यक्रम | ५ | १ | १ | ७ |
| विशेष कार्यक्रम | ४ | १ | - | ५ |
| ***क्षेत्रगत कार्यक्रम*** | | | | |
| सुशासन | - | ३ | १ | ४ |
| वकालत, अभियान र पैरवी | - | २ | १ | ३ |
| बालबालिका, युवा तथा महिला सहभागिता | ५ | - | - | ५ |
| सुधारोन्मुख जीविकोपार्जन | १ | ३ | - | ४ |
| स्रोत केन्द्र (तालिम, अध्ययन/अनुसन्धान र प्रकाशन) | ४ | ३ | १ | ८ |
| **जम्मा** | **१९** | **१३** | **४** | **३६** |
| **प्रतिशत** | **५३** | **३६** | **११** | **१००** |

# संस्थागत उपलब्धि

## नियमित कार्यक्रमः

कार्य समितिको बैठक सञ्चालन, साधारणसभा एवं वार्षिकोत्सव कार्यक्रम सञ्चालन, कर्मचारी तथा कार्य समिति बिच अन्तर्क्रिया, विजय परिवारसँग बैठक बसी संस्थागत विकासका रणनीति तय गर्ने जस्ता क्रियाकलाप पूर्ण रूपमा कार्यान्वयनमा आए भने सदस्यहरूबाट आवश्यक सुझाव सल्लाह एवम् प्रतिक्रिया लिने आंशिक कार्यान्वयन र कार्य समितिको सल्लाहकार समितिसँगको बैठक सम्पन्न हुन सकेन ।

## विशेष कार्यक्रमः

समय र परिस्थितिको माग अनुरुप फोहरमैला व्यवस्थापन, लागू औषध दूर्ब्यसन तथा ट्राफिक सचेतना जस्ता कार्यक्रमहरू सम्पन्न भएका छन् । पहिलो पटक विकूसँग समझदारी पत्रमा हस्ताक्षर गरी विजय परिवारका कार्यक्रमहरूमा समन्वय र सम्बन्ध बलियो पार्ने काम भयो । यसै गरी यस वर्ष विजय विकस स्रोत केन्द्रद्वारा प्रवर्द्धन गरिएका संस्थाहरूमा आवश्यकता अनुसार शेयर थप्ने काम समेत भएका छन् । कार्य समिति, सदस्य तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि माग भएका तालिमहरूमा सहभागिता जनाउने कार्य पनि सम्पन्न भएको छ । संस्थाको निर्णय बमोजिम श्री तिलक प्रसाद सापकोटालाई संस्थाको श्रीबृद्धिमा विशेष योगदान पुर्‍याए बापत विशिष्ट दीर्घ सेवा सम्मान गरिएको छ ।

## क्षेत्रगत कार्यक्रम

## सुशासनः

सामाजिक जवाफदेहिताको साधन र संयन्त्रको प्रवर्द्धनका क्षेत्रमा संस्थाले विगतमा आर्जन गरेको अनुभवमा आधारित भई दातृ निकाय तथा स्थानीय सरकारसँग साझेदारी गर्ने अभिप्रायले विभिन्न परियोजनामा प्रस्ताव निर्माण गरी पेश गरिएको छ । तिनीहरूको पुनरावलोकन र संशोधन, स्वयंसेवक व्यवस्थापन नीति, सूचनाका हक सम्बन्धी नीति निर्माण गरिएको छ । संस्थाको आन्तरिक लेखा परीक्षण, वाह्य एजेन्सी मार्फत सम्पन्न गरिएको छ । वालमैत्री स्थानीय शासनको सम्बन्धमा स्थानीय सरकारसँग सम्पर्क र सम्बन्ध विस्तार गरिएको छ । अनुसन्धान, सिकाई विस्तार तथा सम्प्रेषणको क्षेत्रमा खास अगाडि बढिएको छैन ।

## वकालत, अभियान पैरवीः

संस्थाले गैंडाकोट नगरपालिकाले सञ्चालन गरेका सामाजिक अभियानहरूमा सहभागिता जनाइरहेको छ । त्यस्तै गरिबी मुक्त गैंडाकोट अभियानलाई वडा नं. ५ मा शुरु गर्नका लागि सम्पर्क, स्थलगत अध्ययन, सर्भे प्रश्नावली निर्माणको कार्य सम्पन्न भएको छ । सामाजिक विकास संस्था मैत्री नीति तथा वातावरण निर्माणको विषयमा राष्ट्रिय/जिल्लास्तरको छलफल गर्ने कार्यक्रम यस समयमा सम्पन्न हुन सकेन ।

## वालवालिका, युवा तथा महिला सहभागिताः

नागरिक शिक्षा सहयोगका लागि विजय सामुदायिक सुचना तथा सञ्चार सहकारीसँगको साझेदारीमा घटना दर्ता, पञ्जिकरण तथा अन्य विषयमा विभिन्न समयमा सार्वजनिक हितका सूचनाहरू प्रसारण गरिरहेको छ । पोषण सुधारका लागि देशका विभिन्न ४० जिल्लामा घरायसी खाद्यान्न उत्पादन तथा बजारीकरणलाई निरन्तरता दिईदै आइएको छ । गैंडाकोट नगरपालिका भित्रका महिला समूह व्यवस्थापनका लागि ‘महिलाका लागि महिला सहयोग’ अवधारणा अन्तर्गत क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको छ । कावासोती नगरपालिकाका महिला जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि गर्न ‘क्षमता अभिवृद्धि तालिम’ सञ्चालन गरिएको छ । युवाहरूर्ला लक्षित गरी लागु पदार्थ दुर्व्यसन तथा ट्राफिक नियम सचेतना र समृद्ध जीवनका लागि जीवन विज्ञान जस्ता कार्यक्रम सम्पन्न गरिएका छन् ।

### सुधारोन्मुख जीविकोपार्जनः

कृषिको क्षेत्रमा सुआहारा-II कार्यक्रम निरन्तर सञ्चालनमा रहिआएको छ । संस्थाको भौतिक पूर्वाधार निर्माण एवम् अध्यावधिक गर्ने हेतुले भवन निर्माण बिथयगत तयार भई निर्माण कार्य शुरु भएको छ । साथै मौजुदा भवनमा रंगरोगन र मर्मत संभारको कार्य समेत सम्पन्न भएको छ । परम्परागत स्थानीय सांस्कृतिक अभ्यासको प्रवर्द्धन र सबलीकरणका लागि थारु कल्याणकारी सभा र नेवाः पुचः का लागि आर्थिक सहयोग गरिएको छ ।

### स्रोत केन्द्र (तालिम, अध्ययन/अनुसन्धान र प्रकाशन):

सहकारी व्यवस्थापन र लघुवित्त व्यवस्थापन जस्ता पाठ्यक्रम निर्माण तथा विकास प्रक्रियामा रहेका छन् । चेतना सदन सुधारका लागि गरिएका योजनाहरूलाई पूर्ण रूपमा कार्यान्वयन गरिएको छ । चेतना सदनको व्यवसायिक प्रयोगका लागि विजय कन्सल्टिङ्गसँगको सहकार्य शुरु गरिएको छ । योजना, अनुगमन तथा मूल्यांकन पद्दतीमा सुधार गर्ने क्रम जारी छ । वार्षिक प्रतिवेदन ०७४/७५, वार्षिक प्रगति प्रतिवेदन २०१७, गोजी पात्रो २०७५, विजय ध्वनि तथा परियोजनात्मक प्रतिवेदनहरू निर्माण र प्रवाह गरिएका छन् । साथै विद्युतिय स्रोतमा रहेका संस्थागत अभिलेखहरूलाई intranet मार्फत संग्रहित गरिएको छ ।

### दीगो विकासका लक्ष्य प्राप्तिका लागि हाम्रो प्रतिबद्धताः

दीगो विकासका लक्ष्यहरूः एजेण्डा २०३० मा सशक्त योगदान पुऱ्याउन विजय विकास स्रोत केन्द्र प्रतिबद्ध छ । गत वर्ष सञ्चालन गरिएका कृयाकलापहरूले १७ वटा लक्ष्यहरू मध्ये ७ वटा लक्ष्यहरूमा योगदान पुऱ्याइरहेका छन् । यी सातवटा लक्ष्यहरू यस अनुसार रहेका छन् । गरीवीको अन्त्य, शुन्य भोकमरी, आरोग्यता र कल्याण, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, शान्ति, न्याय र सशक्त संस्थाहरू एवं साझेदारी मुख्य रूपमा रहेका छन् । यस वर्ष उपयुक्त लक्ष्यहरूमा निरन्तरता दिंदै सफा पानी तथा सरसफाई, मर्यादित काम तथा आर्थिक वृद्धि र जलवायु सम्बन्धी कारवाहीमा थप गर्नुपर्ने देखिन्छ । संस्थाले प्रबर्द्धन गर्ने क्रियाकलाप, गतिविधि मुलभूत रूपमा १० वटा दीगो विकासका लक्ष्यहरूमा विशिष्ट योगदान पुऱ्याउन आवश्यक मानवीय श्रोत विकास गरी लाग्नु पर्ने अवस्था छ ।

## साझेदारी कार्यक्रम तर्फको प्रगति विवरण

गत वर्ष विजय विकास स्रोत केन्द्रले सञ्चालन गरेका साझेदारी कार्यक्रमहरूको प्रगति निम्नानुसार रहेको छः

## सुआहारा दोश्रो कार्यक्रम (Suaahara-II)

**साझेदार संस्था** : **युएसएआइडी**/हेलेन केलर इन्टरनेशनल

**सम्झौता अवधि** बैशाख २०७३ देखि आषाढ २०७५ सम्म ।

**कार्यक्षेत्र** : ४० वटा जिल्लाहरू

**लक्षित वर्ग** : गर्भवती महिला, २ वर्ष सम्मका बालबालिका र तिनका आमाहरू र किशोरीहरू

**कार्यक्रमको उद्देश्य** :पोषणयुक्त घरायसी खाद्यान्न उत्पादनमा वृद्धि गराउने, उपभोगमा जोड दिने र आय आर्जनमा वृद्धि गराउने ।

**क्रियाकलाप/उपलब्धि** : पाँच वर्षे यो कार्यक्रमको पहिलो वर्ष कर्मचारी व्यवस्थापन, लक्षित वर्गको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम सामग्री निर्माण र स्रोत व्यक्तिहरूको सूचीकरण तथा केही तालिमहरू सञ्चालनमा व्यतित भयो । कार्यक्रमको दोश्रो बर्ष (२०७४।०७५) मा सम्पन्न विभिन्न क्षमता अभिवृद्धिका क्रियाकलापहरू तल प्रस्तुत छ :

**तालिका १: कार्यक्रमका क्रियाकलापहरू**

| क्र.सं. | शिर्षक | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| १ | नमूना कृषक संजाल बैठक | ७१ | १४३ |
| २ | स्थानिय स्रोत व्यक्ति विकास तालिम | १४० | १४७ |
| ३ | बजार, हाट बजार तथा संकलन केन्द्र व्यवस्थापन समितिकालागि सवलिकरण तालिम | ९ | ९ |
| ४ | फिल्ड सुपरभाइजर र नमूना कृषक छलफल कार्यक्रम | ७६ | ७४ |
| ५ | स्थानिय मेला तथा प्रदर्शनि | ४० | ४६ |
| ६ | पैचो पसल स्थापनाकालागि सहयोग | २ | २ |
| ७ | मूल्य श्रृंखलाका सहभागिहरू विच अन्तरकृया | ५४ | ७६ |
| ८ | बचत तथा ऋण र समुह व्यवस्थापन तालिम | १२९० | १२९२ |
| ९ | व्यवसायिक योजना तथा कृषि बजारिकण तालिम | १४० | १७६ |
| १० | पौष्टिकजन्य खाद्यपदार्थ संरक्षण तथा प्रशोधन तालिम | ५४ | ५७ |
| | **कुल जम्मा** | **२१०६** | **२०२२** |

## स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)

**साझेदार संस्था:** जिल्ला समन्वय समिति नवलपरासी र बर्दघाट नगरपालिका नवलपरासी

**सम्झौता अबधि:** १ श्रावण २०७४ देखि १५ पौष २०७४ सम्म

**कार्यक्षेत्र:** विनयी त्रिवेणी र हुप्सेकोट गाउँपालिका (साविक त्रिवेणीसुस्ता, दुम्किबास, वेणीमणिपुर, धुरकोट, देउराली, हुप्सेकोट र धौवादि गाविस)

**लक्षित वर्ग:** महिला, वालवालिका, अपांग, दलित, जनजाति, पिछडावर्ग र आर्थिक हिसाबले विपन्न वर्ग

कार्यक्रमको उद्देश्य: सरकारी तथा गैरसरकारी स्रोत र सेवामा लक्षित वर्गको पहुँचमा वृद्धि गरी स्रोत परिचालनमा उनीहरूलाई सशक्त गराउने र योजना तर्जुमा,

कार्यान्वयन तथा अनुगमन प्रक्रियामा लक्षित वर्गको प्रतिनिधित्वको सुनिश्चितता गराउने ।

क्रियाकलाप/उपलब्धिः तत्कालिन जिल्ला विकास समितिसँगको साझेदारीमा ०६७/६८ देखि सञ्चालन हुँदै आइरहेको थियो । रुपान्तरणीय सामाजिक परिचालनका लागि वडा नागरिक मञ्चको गठन पुनर्गठन, नागरिक सचेतना केन्द्र परिचालन, जिविकोपार्जन योजना तथा सानापूर्वाधार कार्यक्रम सञ्चालन र वाल भेला सञ्चालनका लागि सहजीकरण हुँदै आइरहेको थियो । ०७४ असार मसान्तसम्को कार्यावधि भएको यस कार्यक्रम ६ महिनाका लागि थप गरी निर्धारित कार्यक्षेत्र तोकी सञ्चालन भएको थियो । यस अवधिमा कार्यक्रमले विगतमा निर्माण भएका भौतिक पूर्वाधारहरूको सञ्चालन अवस्था अनुगमन, जीविकोपार्जन योजना अन्तर्गत आयआर्जन वृद्धि क्रियाकलाप सञ्चालनमा सहजीकरण, नागरिक सचेतना केन्द्रका नियमित कक्षा सञ्चालनमा सहजीकरण, घटन दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरण, निर्वाचन सचेतना कार्यक्रम जस्ता क्रियाकलापहरूमा प्रभावकारी भूमिका निर्वाह गरेको थियो । यि विविध क्रियाकलापहरूको नियमितताका लागि स्थानीय तहहरूमा औपचारिक जानकारी सहित कार्यक्रम सम्पन्न गरिएको थियो ।

## परिवर्तन घरैबाट कार्यक्रम (Change Starts at Home)

**साझेदार संस्थाः** इक्वेल एक्सेस इण्टरनेशनल

**सम्झौता अबधिः** १ जुलाई २०१८ देखि ३० सेप्टेम्बर २०१८ सम्म

**कार्यक्षेत्रः** चितवन, नवलपरासी र कपिलवस्तु जिल्ला

**लक्षित वर्गः** १८ देखि ४९ उमेर समूह भित्रका विवाहित जोडीहरू

**कार्यक्रमको उद्देश्यः** श्रीमान् श्रीमती बिच हुने हिंसा सम्बन्धी अनुसन्धान गर्ने ।

**क्रियाकलाप/उपलब्धिः** जुलाई २०१५ देखि अप्रिल २०१७ सम्म विभिन्न क्रियाकलापहरू सहित सञ्चालित यस कार्यक्रमको अन्तिम तथ्यांक संकलन कार्य गर्ने हालको लक्ष्य रहेको छ । उक्त कार्य गर्नका लागि आवश्यक जनशक्तिको व्यवस्थापन, कार्य सञ्चालन सम्बन्धि अभिमुखिकरण गरी उत्तरदाता छनौट कार्य सञ्चालन भई रहेको छ । उत्तरदाता छनौट कार्य सकिए पश्चात अन्तर्वार्ता, गहन अन्तर्वार्ता र निर्दिष्ट समूह छलफल जस्ता क्रियाकलापहरू गरी अन्तिम तथ्यांक संकलन कार्य सम्पन्न गरिनेछ ।

## कुष्ठरोग उन्मुलन अभियान (Mini Leprosy Eliminatioin Campaign)

**साझेदार संस्थाः** डेमियन फाउण्डेशन

**सम्झौता अबधिः** जनवरी २०१८ देखि फेब्रुअरी २०१८ सम्म

**कार्यक्षेत्रः** नवलपरासी बर्दघाट सुस्ता पश्चिम

**लक्षित वर्गः** कुष्ठरोगका संकास्पद विरामीहरू

**कार्यक्रमको उद्देश्यः** कुष्ठरोग विरामीहरू पहिचान गरी नियमित उपचारका लागि स्वास्थ्य संस्थामा पठाउन सहयोग गर्ने ।

**क्रियाकलाप/उपलब्धिः** नवलपरासी बर्दघाट सुस्ता पश्चिम जिल्लाका सम्पूर्ण गाउँपालिका तथा नगरपालिकाहरूमा कुष्ठरोग उन्मूलन अभियान सम्पन्न भएको छ । डेमियन फाउण्डेशन, जिल्ला जनस्वास्थ्य कार्यालय र विजय विकास सोत केन्द्रको सहकार्यमा यस कार्यक्रम सञ्चालन गरिएको हो । जनवरी ३० देखि फेब्रुअरी १ र फेब्रुअरी ४ देखि फेब्रुअरी ६ गरी दुई चरणमा सञ्चालित यस अभियानमा स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि, शिक्षक, सामाजिक कार्यकर्ता गरी करिव ८५० जना परिचालित भएका थिए । यस अभियानले ८० जना नयाँ कुष्ठरोगका विरामीहरूको पहिचान गर्न मद्दत गरेको थियो । साथै हाल उनीहरूको नजिकको स्वास्थ्य संस्थाबाट निःशुल्क उपचार भइरहेको छ ।

## विजय परिवार

विजय विकास स्रोत केन्द्र समुदायका विविध आवश्यकता परिपूर्तिका लागि बहुसंस्थागत संरचना निर्माण एवम् प्रबर्द्धनमा विश्वास राख्दछ। विजय परिवार एक अनौपचारिक साझा सञ्जाल हो। जसले आपसी सद्भाव, समझदारी र सहकार्य अभिवृद्धि गर्दै सामाजिक रुपान्तरण जस्तो लक्ष्य प्राप्तिको दिशामा अग्रसर छ। अघिल्लो वर्ष जस्तै यस आ.व.मा पनि विजय विकास स्रोत केन्द्रले विजय परिवारको एउटा संयुक्त वनभोज कार्यक्रम आयोजना गर्‍यो। यसका साथै हरेक वर्ष गरिँदै आएको अनुभव आदान प्रदान कार्यक्रम यस वर्ष पनि सञ्चालन गरियो। उक्त कार्यक्रममा विजय परिवारका सदस्य संस्थाहरूको प्रगति प्रस्तुती तथा छलफल समेत गरिएको थियो।

आगामी वर्षमा पनि यस सञ्जालको उद्देश्यहरू परिपूर्ति गर्न सामुहिक छलफल, प्रक्रिया र सहकार्यात्मक प्रयासलाई अगाडि बढाइने छ। सदस्य संस्थासँगको सहकार्यमा विभिन्न तालिम/नीतिगत संवाद आयोजना गर्ने, अध्ययनका क्षेत्रहरूमा संयुक्त रूपमा काम गर्ने र सदस्य-सदस्य एवम् कर्मचारी-कर्मचारी बिचको आपसी एकता र समझदारी बढाउन वनभोज, शुभकामना आदान-प्रदान, विचार विनिमय/समीक्षा र सिर्जनशील संस्थागत विकासका क्षेत्रहरूमा आपसी छलफललाई अगाडि बढाउने किसिमका कार्यक्रमहरू आयोजना गरिने छ। विजय परिवारको संस्थागत संरचनालाई अझ प्रभावकारी र सहभागितामूलक बनाउन अन्य सदस्य संस्थाका प्रमुख तथा प्रतिनिधिहरूसँग छलफल गरी रणनीतिहरू तय गरिने कार्यक्रम राखिने छ। विजय परिवार भित्र रहेको ज्ञान (Knowledge& Idea) लाई बाह्य क्षेत्रबाट समेत समन्वय गरी गैंडाकोटलाई Knowledge/Idea Hub को रूपमा विकास गर्न एकीकृत रूपमा लागि पर्ने अवस्था श्रृजना भएको छ।

## संस्थागत सिकाई तथा चिन्तन

चार दशक लामो अविरल यात्राले हामीलाई सर्वाङ्गिण सामुदायिक विकासका क्षेत्रमा थप नयाँ कौशल विकास गर्न प्रेरित गरेको छ। चार चरणको विकास यात्रा पश्चात बदलिँदो समयमा समयसँग परिवर्तित हुन हामीले ५ वर्षे रणनैतिक योजना गरेका छौं। खासगरी *संस्थागत समन्वय, स्रोत परिचालन, साझेदारी अभिवृद्धि र क्षमता अभिवृद्धि* मा जोड दिनुपर्ने अवस्थाको हामीले पहिचान गरेका छौं। विजय परिवारसँगको संस्थागत समन्वयले यसले परिलक्षित गरेका धेरै लक्ष्यहरू हासिल गर्न सकिने कुरामा हाम्रो विश्वास बढेर गएको अवस्था छ। साथै हामीले हासिल गरेको ज्ञान (Tacit/implicit) दुवैलाई व्यवस्थापन गरी संस्थागत पूँजीको रूपमा हासिल गर्ने कुरामा हाम्रो नजर परेको छ।

विकास आयोजनाको कार्यान्वयनबाट हाम्रो क्षमता उजागर भएको छ। यो अनुभव र Vijaya Foundation को संयोजनबाट हामीलाई भविष्यप्रति आशाबादी बनाएको छ।

वर्तमान अवस्थामा केन्द्रिय, संघीय एवम् स्थानीय तहमा विकास, बहस र सम्वादहरूको खडेरी नै परेको छ। विस्तारै नयाँ विचारहरूमा बहस र सम्वाद गरी समुदायको विकासका लागि नयाँ सोच र परिकल्पनाहरूको श्रृजना एवम् कार्यान्वयन गर्ने समयमा R. Rostow को Linear विकासको क्रमलाई नियाल्दा Pre-Take Off बाट Take Off को अवस्थामा राज्य रहेको छ। यस अवस्थमा दक्ष जनशक्ति र ठूलो लगानीको आवश्यकता पर्ने स्थितिमा राज्य नियन्त्रण र Civice Space खुम्च्याउने नीतिहरू बनाउन

तल्लीन देखिन्छ । खुल्ला समाज निर्माण गर्न विकारहरू बहस चलाउन जरुरी रहेकोले गैंडाकोटलाई विचार (Idea/Knowledge Hub) को रूपमा विकास गर्न चिन्तन गर्नुपर्ने टट्कारो यक्ष विषय बनेको छ ।

## मुख्य चुनौतिहरू:

संस्थागत निरन्तरता र जीवन्तताका लागि अन्य आन्तरिक स्रोतहरू र चेतना सदनको घट्दो आम्दानी र साझेदारी कार्यक्रमहरूमा शिरोभार तथा व्यवस्थापन शुल्क अझैसम्म पनि चुनौतिको रूपमा रहिरहेको छ । साथै संस्थाको भौतिक पूर्वाधार तथा नियमित मर्मत संभारका लागि गर्नु पर्ने स्रोतको व्यवस्था अर्को चुनौतिको रूपमा रहेको छ । वर्तमान अवस्थामा सामाजिक संस्थाहरूलाई हेर्ने सरकारी सोच स्पष्ट नहुनु, दातृ निकायहरू पर्ख र हेरको स्थितिमा हुनु, स्थानीय निकाय अलमलमा रहनु आदि अवस्थाहरू समस्याका रूपमा देखिएका छन् ।

## आगामी पाईलाहरू:

वर्तमान अवस्थामा संस्था द्रुत गतिमा अगाडि बढाउनका लागि चुनौतिका रूपमा देखिका कुराहरूलाई पार लगाउनका लागि संस्थाले तत्कालिक प्राथमिकताका रूपमा  चेतना सदनलाई बढि भन्दा बढि व्यस्त बनाई प्रभावकारी रूपमा सञ्चालन गर्नु रहेको छ । दीगो विकास लक्ष्य अन्तर्गत संस्थाले विगत वर्षहरूमा प्रयास गरेका क्षेत्रका अतिरिक्त थप क्षेत्रहरूमा समेत सक्रिय रही आगामि वर्षमा सोहि अनुसारका कार्यक्रहरूको निर्माण एवं प्रस्तावना गरिनेछ । जसका लागि संस्थालाई ज्ञान तथा बिचार निर्माण थलोको रूपमा विकसित गर्ने सोच राखिएको छ । सँगसँगै स्थानीय सरकारहरूसँगको समन्वयमा बहुआयामिक गरिवी मापन गरी उनीहरूलाई नीति निर्माण कार्यमा सहजिकरण गर्ने समेत लक्ष्य रहेको छ । हाम्रा अनुभव र स्थानीय आवश्यकताका आधारमा वालमैत्री स्थानीय शासनको व्यवहारिक ज्ञानलाई सारोकारवालाहरू सम्म पुर्‍याइने छ । संस्थाले नियमित रूपमा गरिने कार्यसम्पादनको स्तरलाई अझ बढि प्रभावकारी रूपमा सम्पन्न गरिनेछ । बदलिंदो सामाजिक, आर्थिक तथा राजनैतिक परिदृश्यमा संस्थाको मानव संसाधनको क्षमता अभिवृद्धिका लागि कार्य समिति, सदस्य तथा कर्मचारीहरूका लागि संस्थाले अंगालेका विषयगत क्षेत्रहरूमा शिक्षा तथा तालिमको अवसरहरू प्रदान गरिने छ । साथै संस्थालाई थप गतिशिल बनाउन नयाँ सदस्य थप गरिनेछ ।

## आगामि वर्षका कार्यक्रमहरू:

आगामी आ.व. २०७५/०७६ संस्थाले निर्धारण गरेका रणनैतिक प्राथमिकताका क्षेत्र र स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गर्ने गरी कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन गरिने छ । साथै नयाँ कार्यक्रमहरू सञ्चालन गर्ने क्रममा स्थानीय तहसँगको समन्वय र सहयोगमा सञ्चालन गरिनेछ । आगामि वर्ष संस्थाले गर्ने सम्भावित कार्यक्रम र बजेट निम्नानुसार रहेको छ ।

## २०७५/०७६ को प्राथमिकता र कार्यनीतिहरू

विजय विकास स्रोत केन्द्रले आगामि आ.व. ०७५/७६ मा कार्यान्वयन गर्नका लागि निम्नलिखित कार्यनैतिक प्राथमिकताहरू प्रस्ताव गरेको छ:

| **क्षेत्र -१ सुशासन** | | |
|---|---|---|
| **रणनीतिक उद्देश्य** | **सामाजिक जवाफदेहिता तथा बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा योगदान पुर्‍याउने** | |
| **कार्यक्रमका क्षेत्रहरू** | **प्रमुख क्रियाकलाप** | **आशातित प्रतिफल** |
| **१. सामाजिक जवाफदेहिता** | क) सामाजिक जवाफदेहिताका साधन तथा संयन्त्रको प्रवर्द्धनका क्षेत्रमा सूचनाको हक केन्द्रित परियोजना निर्माण गरी सञ्चालन गर्ने । | सार्वजनिक सेवा प्रवाहमा जवाफदेहिताको अभिवृद्धि । |
| | ख) आन्तरिक सञ्चालन संरचनामा सुधार (संस्थाको सामाजिक लेखापरीक्षण, आन्तरिक लेखापरीक्षण, मौजुदा विधान र नीतिहरूको आवश्यकता अनुसार पुनरावलोकन र संशोधन) | |
| **२. सुशासन प्रवर्द्धन गर्ने (नागरिक समाजको दायरा civic space, स्थानीय तह सुशासन, खुल्ला समाज र बालमैत्री स्थानीय शासन)** | क) असल शासनको अवधारणा, विधि र अभ्यास लगायतका विषयमा परियोजनात्मक कार्यक्रम सञ्चालन गर्ने | सुशासन प्रबर्द्धन । |
| | ख) स्थानीय निकायहरूको प्रकृया सहजीकरणसँग सम्बन्धित तालिम सामग्रीको निर्माण तथा तालिम सञ्चालन गर्ने । | स्थानीय तह प्रति जानकारी अभिवृद्धि तथा स्थानीय तहको इकाईहरूको भूमिकाको ज्ञान । |

| **क्षेत्र -२ वकालत, अभियान र पैरवी** | | |
|---|---|---|
| **रणनीतिक उद्देश्य** | **राष्ट्रिय रूपमा सामाजिक विकास संस्था मैत्री नीति निर्माणमा योगदान पुर्‍याउने** | |
| **कार्यक्रमका क्षेत्रहरू** | **प्रमुख क्रियाकलाप** | **आशातित प्रतिफल** |
| **१. सामाजिक विकास संस्था मैत्री नीति तथा वातावरण** | यस विषयमा राष्ट्रिय, स्थानीय तह र नागरिक समाज संस्थासँग दुई चरणमा कार्यशाला/छलफल कार्यक्रम आयोजना गर्ने । | सामाजिक विकास संस्था मैत्री वातावरण निर्माणमा योगदान हुनेछ। |
| **२. आवश्यकता अनुसार सामाजिक अभियान** | क) नवलपुरका स्थानीय तहले सञ्चालन गर्ने सामाजिक अभियानहरूमा सहभागिता जनाउने तथा संस्थागत सहयोग गर्ने । | सरकार तथा सामाजिक प्रयासहरूमा संस्थाको कार्यमूलक सहयोगी भूमिका देखिनेछ । |
| | ख) गरिबी मुक्त गैंडाकोट अभियान सञ्चालनका लागि ८ नं. वडा कार्यालयसँगको सहकार्यमा सुरु गर्ने । | |

| क्षेत्र -३ बालबालिका, युवा तथा महिला सहभागिता | | |
|---|---|---|
| **रणनीतिक उद्देश्य** | **मानवीय तथा सामाजिक पूँजी विकासमा योगदान पुऱ्याउने** | |
| **कार्यक्रमका क्षेत्रहरू** | **प्रमुख क्रियाकलाप** | **आशातित प्रतिफल** |
| **१. नागरिक शिक्षा** | क) विजय सूचना तथा सञ्चार सँगको सहकार्यमा मुद्दामा आधारित सार्वजनिक हितका सूचना निर्माण गर्ने र प्रशारण गर्ने । | सार्वजनिक सरोकार र चासोका विषयमा नागरिक सचेत हुनेछन् । |
| | ख) नागरिक सचेतना र विकाससँग सम्बन्धित रेडियो कार्यक्रम उत्पादन गरी पाक्षिक रूपमा प्रसारण गर्ने | जनचेतना अभिवृद्धि हुने |
| **३. क्षमता अभिवृद्धि** | क) स्थानीय महिला समूहहरूको आवश्यकतामा आधारित प्रकृया सहजीकरणसँग सम्बन्धित कार्यक्रम गर्ने । महिलाका लागि महिला सहयोग अवधारणा अनुसार यो कार्यक्रम गरिनेछ । यस कार्यमा दलित र जनजातिलाई प्राथमिकता दिइनेछ । | स्थानीय समुदायमा संस्थाको उपस्थिति बढ्न गई संस्था प्रति समुदायको विश्वास बढ्नेछ । |
| | ख) गैंडाकोट नगरपालिका भित्रका कुनै २ वटा वडाका टोल विकास संस्थाको सञ्चालन प्रक्रियाका बारेमा क्षमता अभिवृद्धि गर्ने | टोल विकास संस्थाको क्षमता अभिवृद्धि भई कार्य सञ्चालनमा सहयोग पुग्ने |
| **४. बालबालिकाको स्वास्थ्य सम्बर्द्धन** | क) स्कुले बालबालिकाहरूको बृद्धि अनुगमन मार्फत बच्चा अवस्थामा हुने मोटोपन तथा तिक्ष्ण कुपोषण screening गरी सो सँग सम्बन्धित स्वास्थ्य शिक्षा एवम् सन्देश प्रवाह गर्ने । | वालवालिकाको स्वास्थ्य वृद्धि विकासमा सहयोग पुग्नेछ । |
| | ख) गैडाकोट नगरपालिका भित्रका वालमैत्री वडा घोषणा प्रक्रियामा सहयोग पुर्‍याउने । | वालमैत्री घोषणा गर्न सहज हुने । |
| **५.युवा सहभागिता** | क)VDRC सँग युवा कार्यक्रम अन्तर्गत जीवन विज्ञान सम्बन्धी तालिममा सहभागिताका लागि संयोजनकारी भूमिका निर्वाह गर्ने । | नैतिकवान युवा पंक्ति निर्माणमा योगदान पुऱ्याउने । |
| | ख) भीडिआरसी परिसरमा स्थापित युवा पुस्तकालयलाई सामुदायिक सिकाई केन्द (community learning center) को रूपमाा विकास गर्ने जसमा जेष्ठ नागरिक र वालवालिकालाई केन्द्रित रहने गरी विकास गरिनेछ । | स्थानीय युवाहरूमा पठन संस्कृतिको विकास हुने |
| | ग)स्थानीय स्तरमा खेलकुदलाई प्रवर्द्धन गर्न सहयोग गर्ने | स्थानीय युवाहरूको गतिशिलतामा अभिवृद्धि हुने |
| | घ)बढ्दो लागू पदार्थ न्यूनिकरण गर्न स्थानीय युवाहरूलाई सचेतना कार्यक्रम गर्ने । | लागू पदार्थको दुष्प्रभावबाट युवाहरूलाई जोगाउन सहयोग पुग्ने । |

| क्षेत्र -४ सुधारोन्मुख जीविकोपार्जन | | |
|---|---|---|
| **रणनीतिक उद्देश्य** | **स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जनामा योगदान गर्नु** | |
| **कार्यक्रमका क्षेत्रहरू** | **प्रमुख क्रियाकलाप** | **आशातित प्रतिफल** |
| **१.कृषि** | VDRC का सदस्य र कर्मचारीहरूको घरमा करेसावारी निर्माणमा सहयोग गर्ने । | जैविक खाद्यान्न उपभोगमा सुधार । |
| **२.दिगो संस्थागत विकासका आयामहरू** (Hexagon Theory) | क) आवश्यकता अनुसार संस्थाको भौतिक पूर्वाधार निर्माण गर्ने तथा अध्यावधिक गर्ने । | षटभुजमा उल्लेखीत सम्पूर्ण पक्षहरूको समुचित प्रवर्द्धन मार्फत जीविकोपार्जनमा सुधार ल्याएको हुनेछ । |
| | ख) विकू बचत तथा ऋण सहकारी संस्था र विजय लघु वित्त वित्तीय संस्था सँगको  सहकार्यमा ग्रामीण, अर्ध-शहरी तथा शहरी क्षेत्रमा वित्तीय पहुँच अभिवृद्धि गर्ने । | |
| | ग) परम्परागत स्थानीय सांस्कृतिक अभ्यासको प्रवर्द्धन र सवलीकरणका लागि सक्दो सहयोग गर्ने । | |
| | घ) स्थानीय तथा सामुदायिक संस्थाहरूको कार्यक्रममा सदस्यहरूको स्वयंसेवी भाव प्रष्फुटनार्थ अर्थपूर्ण र ठोस सहभागिता सुनिश्चित गर्ने | |
| | ङ) विजय सामुदायिक शिक्षा सदन सँगको सहकार्यमा पिछडिएका वर्ग र समुदायका सदस्यलाई शैक्षिक सहयोग पुऱ्याउने | |
| | च) समुदायको आवश्यकता अनुसार स्वास्थ्य शिविर तथा परामर्श सेवा सञ्चालन गर्ने । | |
| **३. उद्यमशीलता विकास र प्रवर्द्धन** | क) उद्यमशीलता प्रवर्द्धनका लागि विजय परिवारसँग सहकार्य गर्ने ।<br>ख) Corporate social responsibility अन्तर्गत VLBS सँगको सहकार्यमा उद्यामशिलता सम्बन्धी काम गर्ने । | स्थानीय स्तरमा स्वरोजगार श्रृजना हुने । |
| | ग) विगतमा परियोजना सञ्चालिन गरिएको समुदायसँग पुनः सम्बन्ध स्थापित गरी उनीहरूको आवश्यकतामा आधारित व्यवसायिक योजना निर्माण गर्ने । | VDRC ले प्रवर्द्धन गरेका संस्थाहरूको संस्थागत विकासमा सहयोग हुनेछ । |

| क्षेत्र -५ स्रोत केन्द्र (तालिम, अध्ययन/अनुसन्धान र प्रकाशन) | | |
|---|---|---|
| **रणनीतिक उद्देश्य** | **संस्थागत ज्ञान व्यवस्थापन क्षमता बढाउनु** | |
| **कार्यक्रमका क्षेत्रहरू** | **प्रमुख क्रियाकलाप** | **आशातित प्रतिफल** |
| **१. तालिम सञ्चालन र व्यवस्थापन** | तालिम पाठ्यक्रम विकास र सञ्चालन (विकूसँग सहकार्यमा सहकारी व्यवस्थापन र विकास तालिम र विजय लघुवित्तसँगको सहकार्यमा लघुवित्तसँग सम्बन्धित तालिम प्याकेज तयार गर्ने र सञ्चालन गर्ने) | विजय परिवारसँगको कार्यमूलक सहकार्य । |
| **२. स्रोत तथा सिकाई केन्द्र** | क) चेतना सदन सुधार योजना चरणवद्ध रूपमा लागु गर्ने | आत्मनिर्भर चेतना सदन । |
| | ख) चेतना सदनलाई स्थानीय सरकार र संघियता तथा बालमैत्री स्थानीय शासनको स्रोत केन्द्रको रूपमा विकास गर्ने । | नविन क्षेत्रहरूमा स्रोत केन्द्रको रूपमा संस्थाको पहिचान । |

| | | |
|---|---|---|
| **३. योजना, अनुगमन तथा मूल्यांकन र अध्ययन/अनुसन्धान** | क) योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन पद्दति सुधार गर्ने ।<br>ख) आवश्यकता अनुसार अध्ययन र अनुसन्धान गर्ने । | प्रभावकारी कार्यक्रम निर्माण तथा तथ्यांकमा आधारित अनुगमन र मूल्यांकन पद्दति । |
| **४. दस्तावेजीकरण, प्रकाशन र प्रवाह** | क) आवधिक संस्थागत प्रकाशनहरू (ब्रोसर, संस्थागत चिनारी पुस्तिका तथा विवरण, विजय ध्वनी, बार्षिक प्रतिवेदन तथा परियोजनात्मक प्रतिवेदनहरू) गर्ने । | संस्थाको आवश्यक प्रचार-प्रसार । |
| | ख) विगत अनुभवबाट प्राप्त ज्ञान तथा दस्तावेजहरूलाई Intranet मार्फत सबैको पहुँच सुनिश्चित गर्ने । | |
| | ग) कार्यक्रमहरूको प्रगति प्रतिवेदनमा दिगो विकास लक्ष्यलाई जोड्ने । | SDG को परिसूचक अनुरुप कार्यक्रमको लक्ष्य हासिल भए नभएको एकिन हुने । |

## विविध कार्यक्रमहरू:

| **कार्यक्रम** | **प्रमुख क्रियाकलाप** | **आशातित प्रतिफल** |
|---|---|---|
| **१. पर्यावरण संरक्षण** | | |
| **१.१ वृक्षारोपण** | विजय विकास स्रोत केन्द्रले गैंडाकोकोट २ मा बाल उद्यान निर्माणको उद्देश्य सहित स्थापना गरेको वृक्षारोपण क्षेत्रमा थप वृक्षारोपण गर्ने | पर्यावरण संरक्षण र नदी कटान रोक्न सहयोग पुग्ने |
| **१.२. पर्यटन प्रवर्द्धन** | गैंडाकोट २ स्थित नारायणी टोल विकास संस्था अगाडि (पुल देखि वृक्षारोपण स्थलसम्म) नारायणी किनारमा सौन्दर्यमय वृक्षारोपण गर्ने (नारायणी टोल विकास संस्था, उद्योग वाणिज्य संघ र नगरपालिकासँगको सहकार्यमा) | नदी कटान रोक्न सहयोग र पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने |
| **२.भौतिक पूर्वाधार** | | |
| **२.१ बाटो मर्मत** | गैंडाकोट २ स्थित नारायणी टोल विकास संस्था अन्तर्गत पर्ने बाटो मर्मत सहयोग | स्थानीय व्यक्तिहरूलाई आवतजावतमा सहजता हुने |
| **२.२ खेलकुद पूर्वाधार** | गैंडाकोट ६ स्थित भाग्योदय प्रा.वि.मा खेलकुद पूर्वाधार निर्माण तथा सामाग्री सहयोग | गरीव तथा विपन्न वर्गका बालबालिकाको खेलकुदमा पहुँच पुग्ने |
| **२.३ कालोपत्रे सहयोग** | गैंडाकोट ८ स्थित भीडिआरसीको पश्चिम तर्फको बाटो कालोपत्रे कार्यक्रममा सहकार्य | स्थानीय बाटोको स्तरोन्नती सहयोग पुग्ने |

## साझेदारी कार्यक्रमहरू:

| **कार्यक्रम** | **प्रमुख क्रियाकलाप** | **आशातित प्रतिफल** |
|---|---|---|
| **१. पोषण** | सु-आहारा-II कार्यक्रम अन्तर्गत ४० जिल्लामा घरायसी खाद्यान्न उत्पादन तथा बजारीकरणलाई निरन्तरता दिने । | महिला तथा बालबालिकाको विविध पोषणयुक्त खाद्यान्नमा पहुँच वृद्धि हुनेछ । |

| | | |
|---|---|---|
| **२. उद्यमशीलता विकास र प्रवर्द्धन** | सुआहारा-II परियोजना अन्तर्गत लक्षित समुदाय र वर्गको उद्यमशीलता विकासका लागि क्षमता अभिवृद्धिको कामलाई निरन्तरता दिने । | स्थानीय स्तरमा स्वरोजगार सृजना हुने । |
| **३. परिवर्तन घरैबाट** | इक्वेल एक्सेससँगको साझेदारीमा चितवन, नवलपरासी र कपिलवस्तुमा Endline Survey गर्ने । | महिला हिंसा न्युनिकरणमा सहयोग पुग्ने |
| **४. जलवायु परिवर्तन** | पहाडी क्षेत्रका साना किसानहरूको जलवायु अनुकूलनका लागि सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्ने | जलवायु अनुकुल खेती प्रणालीमा सहजता हुने । |
| **५. जनस्वास्थ्य** | जनस्वास्थ्य सूचना प्रणाली (PHIS) र स्वास्थ्य विश्लेषण (Health analytics) को बारेमा स्वास्थ्यकर्मिहरूको क्षमता अभिवृद्धि गर्ने | दक्ष जनशक्तिको विकासमा सहयोग हुने । |
| **६. खाद्य सम्प्रभुता** | खाद्य सम्प्रभुताका साथै पानी, सरसफाई जस्ता विषयमा आधारित भई परियोजना सञ्चालन गर्ने | समुदायको दीगो विकासमा सहयोग पुग्ने । |
| **७ पालिकाहरूसँग सहकार्य** | क) वहुआयमिक गरिवी मापन गरी योजना तर्जुमामा सहयोग पुर्‍याउने<br>ख) पालिकाहरूले निर्माण गरेका कार्ययोजनाहरूमा कार्यान्वयनका लागि सहयोग पुर्‍याउने । | स्थानीय तहहरूसँगको सम्बन्ध अभिवृद्धि हुने । |

**विशेष कार्यक्रमहरू:**

| **कार्यक्रम** | **प्रमुख क्रियाकलाप** | **आशातित प्रतिफल** |
|---|---|---|
| **१. ज्ञान तथा विचार** | गैंडाकोट नगरपालिकालाई ज्ञान तथा विचार केन्द्र (Knowledge Center or Idea Hub) को रूपमा विकास गर्ने । | गैडाकोटको नयाँ पहिचान निर्माणमा सहयोग पुर्‍याउने । |
| **२. मानव संशाधन विकास तथा व्यवस्थापन** | क) नयाँ सदस्य थप गर्ने र स्वयं सेवकको व्यवस्था गर्ने ।<br>ख) सदस्यहरूको क्षमता अभिवृद्धि र नेतृत्व विकासको कार्यक्रम गर्ने ।<br>ग) उच्च शिक्षाका लागि सहयोग गर्ने ।<br>घ) कर्मचारीको क्षमता वृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने । | संस्थाको संस्थागत विकासमा नयाँ गति प्राप्त हुने । |

# आर्थिक वर्ष २०७४।०७५ को आर्थिक प्रगति प्रतिबेदन र २०७५।०७६ को प्रस्तावित वजेट

**पार्वती कंडेल**
**कोषाध्यक्ष**

विजय विकास स्रोत केन्द्रको ३३ औं साधारण सभाका अध्यक्ष, भू.पू. अध्यक्षहरू, कार्यसमितिका पदाधिकारीज्यूहरू, श्रद्धेय सदस्यज्यूहरू, साधारण सदस्यज्यूहरू, सह सदस्यज्यूहरू तथा आमन्त्रित महानुभावहरू एवम् कर्मचारीहरू,

विजय विकास स्रोत केन्द्रको यस गरिमामय ३३ औं साधारण सभामा गत वर्ष २०७४।०७५ को आर्थिक प्रतिवेदन तथा चालु वर्ष २०७५।०७६ को अनुमानित आर्थिक विवरण प्रस्तुत गर्न पाउदा हर्ष महशुस गरेकोछु । यस अवधिमा यहाँहरूले संस्थाको आर्थिक विकासमा पुऱ्याउनु भएको योगदान प्रति हार्दिक आभार प्रकट गर्दछु ।

आगामि दिनहरूमा पनि अझ वढि उत्साहका साथ संस्थाको सर्वोपरी उन्नतिमा यहाँहरूको पूर्ण सहयोग एवम् सद्भाव रहने कुरामा विश्वास लिएको छु ।